# पथरी शनिश्चरे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पथरी, मोरङ, १ नं प्रदेश नेपाल

# सिलवन्दी वोलपत्र आह्वानसम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित २०७५/०७/३०**

चालु आ.ब. २०७५/०७६ मा यस नगरपालिकाको नगरसभावाट बार्षिक कार्यक्रम अनुसार विनियोजित वजेटवाट सूचनामा उल्लेखित अंकमा घटाघट प्रक्रियाद्धारा २ वटा प्यानल ब्लकको भवन निर्माण गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको हुँदा इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायी फर्म/कम्पनीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आवहान गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र वोलपत्र फारम खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी वोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

| वोलपत्र/ ठेक्का नं | कामको विवरण | लागत अनुमान | वोलपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| ६/२०७५–०७६ | ब्लक १ भवन निर्माण<br>ब्लक २ भवन निर्माण | २१,४८,८८७६९ (भ्याट वाहेक)<br>२१,४८,८८७६९ (भ्याट वाहेक) | रु ३,०००।– | कवोल अकंको २.५ प्रतिशत |

१ बोलपत्र खरिद गर्दा तथा पेश गर्दा बोलपत्रदाताले ग्राहयता(इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने देहायका कागजात पेश गर्नुपर्नेछ।

(क) निर्माण व्यवसायी इजाजत फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ख) मु.अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपी

ग) आ. व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

घ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायसम्बन्धी कसुरमा आफुले सजाय नपाएको भए लिखित रुपमा गरेको स्वघोषणाको सक्कल प्रति

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित फर्म/कम्पनी वा निजको वा आधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको इजाजतपत्र नविकरण फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित पत्र, स्थायी लेखा नम्बर, आ. व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणित पत्र संलग्न राखी निवेदन पेश गरी माथि तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध हुनेछ।

३. खरिद गरिएको बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिनेछ।

४. बोलपत्र फारमको साथ जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पथरी शाखामा रहेको हि नं २५६०३०३००७१०२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिनको म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि)नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट जारी भएको विडवण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत बापतको भौचर, वा विडवण्ड यो सूचना प्रकाशित भएको मितिले पछिकोलाई मान्यता दिइनेछ।

५. दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहबरमा ३१ औं दिन २ वजे खोलिनेछ तर निजहरको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछैन। बोलपत्रमा प्रत्येक आइटम दररेट भ्याट बाहेक अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ।

८. बोलपत्रसम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँसिनेछ साथै यस कार्यालयको पेजमा प्रकाशन गरिनेछ

९. भवन निर्माणका लागि प्रयोग गरिने प्यानलहरु(ISO)आइएसओ मान्यता प्राप्त नेपाल स्टाण्डर्ड हुनुपर्नेछ।

१०. निर्माण कार्य सम्झौतामा भएको मितिबाट सुरु गरी २०७६ वैशाख मसान्तभित्र सम्पन्न गर्नुपर्नेछ।

११. अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४,सार्वजनिक खरिद ऐन २०६३ (संशोधित सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित सहित) र प्रचलित कानून बमोजिम हुनेछ।

१२.बोलपत्र सम्वन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**